# श्री सर्वोच्च अदालत (संवैधानिक ईजलाश)
# समक्ष प्रस्तुत गरेको

## <u>बहस नोट</u>

विषयः उत्प्रेषण, परमादेश लगायत जे जो चाहिने उपयुक्त आज्ञा आदेश जारी गरी पाऊँ ।

मुद्दा नंः ०७९-WC-००३६

<u>बहस नोट प्रस्तुतकर्ता श्री युबराज पौडेलका (सफल) कानून ब्यबशायीहरु</u>

डाक्टर सुरेन्द्र भण्डारी (बरिष्ठ अधिबक्ता)

श्री बिष्णु लुइँटेल (बरिष्ठ अधिबक्ता)

श्री रमण कर्ण (अधिबक्ता)

श्री अमृत खरेल (अधिबक्ता)

श्री निकिता ढुंगाना (अधिबक्ता)

(मिति २०७९/१०/१०)

# Table of Contents

१. ठहर गर्नु पर्ने मुख्य प्रश्न ........ 3
२. संक्षेपमा रिट निबेदकले उठाएका बिषय सम्बन्धमा ........ 4
३. निज रबि लामिछानेका मुख्य दलिलहरु सम्बन्धमा ........ 5
४. संबैधानिक र निर्बाचन सम्बन्धि कानूनमा भएको व्यवस्था ........ 7
५. नागरिकता ऐन, २०६३ को दफा १० को व्यवस्था ........ 8
६. दफा १०.१ का सम्बन्धमा ........ 10
७. दफा १०.१ मा “कायम रहने छैन” भन्नु को अर्थ के हो ? ........ 11
*सुरेन्द्र बहादुर श्रेष्ठको* मुद्दा (०७२-WS-०००७) ........ 12
*Kiran Gupta v. The State Election Commission* ........ 14
८. नागरिकता पुनः कायम हुने सम्बन्धमा दफा ११ को व्यवस्था ........ 15
९. दफा ११ र नियम ११ को अवस्था र प्रयोग ........ 16
१०. समग्रतामा पुनः नेपाली नागरिकता कायम गर्ने कानून प्रस्ट छ. ........ 19
अनुसूचि १ : Application for Naturalalization ........ 22
अनुसूचि २ : Oath for Naturalalization ........ 22
अनुसूचि ३ : *Abida Khatoon And Anr. v. State of U.P. And Ors.* ........ 22
अनुसूचि ४ : *Kiran Gupta v. The State Election Commission* ........ 22

| | |
|---|---|
| कुल बहादुर खत्रीको छोरा सिन्धुली जिल्ला कमलामाई नगर पालिका वडा नं. १ घर भई हाल काठमाण्डौं जिल्ला काठमाण्डौं महानगरपालिका वडा नं. ३१ आलोकनगर बस्ने बर्ष ३५ को युबराज पौडेल (सफल) का कानून ब्यबशायी बरिष्ठ अधिबक्ता डा. सुरेन्द्र भण्डारी (प्र. प. नं. ३५०)...१, बरिष्ठ अधिबक्ता बिष्णु लुइँटेल (प्र. प. नं. ५२१)...१, अधिबक्ता रमण कर्ण (प्र. प. नं. ११८१५)...१ एंब अधिबक्ता अमृत खरेल प्र. प. नं. १४०३६)...१ अधिबक्ता निकिता ढुँगाना (प्र. प. नं. १६२०३) समेत जना ५ ले संयुक्त रुपमा प्रस्तुत गरेको बहस नोट..........................................१ | रिट निवेदक |

विरूद्ध

| | |
|---|---|
| श्री निर्बाचन आयोग, कान्तिपथ काठमाण्डौं, नेपाल..................................१ | बिपक्षी |
| लिला चन्द्र लामिछानेको छोरा साबिक काठमाडौँ जिल्ला काठमाडौं नगरपालिका वडा नं. ६ हाल काठमाडैँ जिल्ला काठमाडौं महानगरपालिका वडा नं. ३ बसुन्धरामा केन्द्रिय कार्यालय भएको राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति बर्ष अं. ४४ का रबि लामिछाने ( सम्पर्ग न ९८५१३६०६६६)..................................................................१ | प्रत्यर्थी |
| श्री राष्ट्रिय स्वतन्त्र पार्टी, केन्द्रिय कार्यालय, काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं ३ बसुन्धरा (सम्पर्ग न ९८५१३६०६६६)..................१ | |
| श्री जिल्ला प्रशाशन कार्यालय, बबरमहल काठमाडौं..................................१ | |
| श्री संघिय संसद, प्रतिनिधि सभा, सिंहदरबार काठमाडौ..............................१ | |

विषयः उत्प्रेषण, परमादेश लगायत जे जो चाहिने उपयुक्त आज्ञा आदेश जारी गरी पाऊँ ।

मुद्दा नंः ०७९-WC-००३६ ।

अदालत : श्री सर्बोच्च अदालत, संबैधानिक ईजलाश ।

मिति २०७९/०९/२२ गते श्री सर्बोच्च अदालत संबैधानिक ईजलाश (का. मु. प्रधान न्यायाधिश श्री हरिकृष्ण कार्की, माननीय न्यायाधिश श्री ईश्वरप्रसाद खतिवडा, माननीय न्यायाधिश डा. श्री आनन्द मोहन भट्टराई, माननीय न्यायाधिश श्री अनिल कुमार सिन्हा र माननीय न्यायाधिश श्री प्रकाशमान

सिंह राउतको ईजलाशबाट भएको आदेश बमोजिम यो संयुक्त बहस नोट प्रस्तुत गर्ने अनुमति चाहान्छौं ।

बिपक्षी रबि लामिछानेको लिखित जवाफमा रिट निवेदकले उठाएका प्रायः सबै तथ्यगत र कानूनी कुराहरु स्वीकार गरिएको अवस्था छ । केवल निज बिपक्षीले अमेरिकाको नागरिकता त्याग गरे पश्चात कानून बमोजिमको प्रक्रिया अपनाएर तोकिएको अधिकारीबाट जारी गराई नागरिकता पुनः कायम गरी लिनु पर्ने हो कि स्वतः कायम हुने हो भन्ने बारेमा मात्रै विवाद देखिएको हुँदा मूलत सोहि बिषयमा मात्रै सिमित भई यो बहस नोट तयार गरी पेश गरिएको छ ।

**निष्कर्षमा वा निचोडमा**, नागरिकता ऐनको दफा १०(१) को अवस्थाको व्यक्तिले विदेशको नागरिकता त्याग गरेको खण्डमा निजको नेपालको नागरिकता स्वतः कायम हुनेछ भन्ने कानूनी ब्यबस्थाको अभाबमा निज रबि लामिछानेको दलिल पुग्न सक्दैन । तसर्थ, कानून बमोजिमको प्रक्रिया पूरा गरी निज रबि लामिछानेले नेपालको नागरिकता पुनः प्राप्त नगरेको र सो कुरा निज स्वयंले स्वीकार गरेको हुँदा प्रतिनिधिसभा सदस्यकालागि निज मतदान गर्न, उम्मेद्वार हुन र प्रतिनिधि सभा सदस्य हुन अयोग्य भएको ठहर गरी रिट निबेदन जारी गरी पाउँ ।

उक्त निष्कर्षको समर्थनमा निम्न बुंदाहरुमा छोटकरीमा बिबेचना सहित यो बहस नोट प्रस्तुत गर्ने अनुमति चाहान्छौं ।

## १. ठहर गर्नु पर्ने मुख्य प्रश्न

यस मुद्धामा ठहर गर्नु पर्ने मुख्य प्रश्न भनेको "निज रबि लामिछाने प्रतिनिधि सभा सदस्यकालागि उम्मेद्धारी दिदाका बखत र निर्बाचित भई प्रतिनिधि सभा सदस्य बनेको अवस्थामा नेपाली नागरिक हुन कि होइनन र नेपाली नागरिक नभई प्रतिनिधि सभा सदस्य हुन र मन्त्रि हुन संबिधान र कानूनले योग्य मान्दछन कि मान्दैनन वा योग्य हुन कि होइनन ?" यस सन्दर्भमा ठहर गर्नु पर्ने मुख्य प्रश्न संग सम्बन्धित र अन्योन्याश्रित अन्य प्रश्नहरु वा बिषयहरु पनि क्रमश निबेदन गरिने छन ।

यदि निज रबि लामिछाने नेपाली नागरिक हुन भने उनको मतदाताको हैसियत, उम्मेद्वारी र प्रतिनिधि सभा सदस्यका सम्बन्धमा प्रश्न गर्न मिल्दैन र रिट निबेदन खारेज योग्य हुन्छ । तर, उनले नेपाली नागरिकता प्राप्त गरेका छैनन वा एक पटक कायम नरहेको नागरिकता कायम गराउन कानूनले तोके बमोजिमको प्रक्रिया थालनी गरी सो प्रक्रिया पुरा गरी नागरिकता पुनः प्राप्त गरेका छैनन भने उनलाई नेपाली भन्न सकिन्छ तर नेपाली नागरिक भन्न सकिदैन । अर्थात, उनलाई राष्ट्रियताका आधारमा नेपाली मान्न सकिन्छ तर नेपाली नागरिक भन्न र मान्न सकिन्न । निज रबि लामिछाने आफैंले पुनः नेपाली नागरिकता प्राप्तिको प्रक्रियामा प्रवेश नगरेको स्वीकार गरेको अबस्थामा उनको सांसद पद कायम रहन सक्दैन । तसर्थ, रिट निबेदन जारी हुनु पर्दछ ।

निज रबि लामिछानेको लिखित जवाफ हेर्दा एकातिर निजले अमेरिकी नागरिकता त्याग गरी नेपालमा बसोबास गरे पश्चात कायम नरहेको नेपालको नागरिकता स्वतः कायम हुन्छ र सो नागरिकता बैधानिक रुपमा प्रयोग गर्न पाइन्छ र सोहि आधारमा नेपालको नागरिकता स्वतः कायम भई उनले प्रयोग गरेको तर्क गरेका छन । अर्कोतिर, उनले नेपाली नागरिकता कहिल्यै त्याग नगरेको हुँदा नेपाली नागरिकता पुनः प्राप्त गर्नु पर्ने होइन भन्ने पनि तर्क गरेका छन । उनका उक्त तर्क आपसमा बाझिएका मात्रै होइनन कानूनद्वारा समर्थित समेत छैनन ।

## २. संक्षेपमा रिट निबेदकले उठाएका बिषय सम्बन्धमा

- निज रबि लामिछानेले जिल्ला प्रशाशन कार्यालय काठमाडौंबाट मिति २०५०/११/१० मा नेपाली नागरिकता लिएका ।
- निजले सन् २०१४ फेब्रवरी २१ (२०७०/११/०९) मा आफू खुसि अमेरिकाको नागरिकता प्राप्त गरेका ।
- अमेरिकाको नागरिकता प्राप्त गरेपछि निजको नेपाली नागरिकता २०७०/११/०९ बाट कायम नरहेको ।
- अमेरिकी नागरिकता प्रयोग गरी बिदेशीको रुपमा (अमेरिकी नागरिकको रुपमा) नेपालमा आई पारिवारिक भिषामा नेपाल बसेका र निज नेपाली नागरिक नभएको अबस्थामा वा अमेरिकी नागरिक हुँदा कै बखत २०७२/०२/१३ मा नेपाली पासपोर्ट प्राप्त गरी प्रयोग गरेका हुँदा कानून मिच्ने र कानूनको परिपालना नगर्ने उनको प्रवृति कानूनको शाशनका लागि चुनौतिपूर्ण रहेको छ । सो बिषयमा निस्पक्ष रुपमा छनबिन गर्नु पर्नेमा निज रबि लामिछाने आफै गृहमन्त्रि भई छानबिन प्रक्रियालाई अबरुद्ध गरेको अवस्थामा सम्मानित संबैधानिक ईजलाशबाट यथाशिघ्र छानबिन अघि बढाउन आदेश होस् भनि अनुरोध गर्दछौं ।
- निज रबि लामिछानेले आफुले पहिलो पटक नेपाल भ्रमण गरेको भनि अध्यागमन बिभागलाई दिएको निबेदनमा २०१६ अक्टोबर २ अर्थात २०७३/०६/१६ भनि उल्लेख गरेका छन । तर २०७२/०२/१३ मा अमेरिकाबाट नेपाल आई नेपाली नेपाली पासपोर्ट लिएका छन । अध्यागमन बिभागको पत्र बाट उनि सन् २०१४ जुन ०५ अर्थात् २०७१/०२/२२ मा नेपालमा आएका भन्ने देखिन्छ । निज पारिवारिक भिषामा नेपाल बसेका व्यक्तिले श्रम स्वीकृति नलिई News 24 मा काम गरेको बिषयमा भएको विवादका सम्बन्धमा रेकर्ड अध्यावधिक गर्न २०७५/०३/०६ गते अध्यागमन बिभागलाई जानकारी गराएको देखिन्छ । सूचना बिभागको मिति २०७४/१२/०१ को पत्र अनुसार सो मिति सम्म निजले प्रेश प्रतिनिधिको प्रमाणपत्र प्राप्त नगरेको भन्ने उल्लेख गरेको देखिन्छ । श्रम बिभागको मिति २०७५/०३/०५ को पत्र अनुसार सो मिति सम्म निजले श्रम स्वीकृति लिएको देखिदैन । संचार तथा सूचना प्रबिधि मन्त्रालयको मिति २०७५/०३/१४ को पत्र हेर्दा निज रबि लामिछानेले के कस्तो भाषा प्रयोग गरी कार्यक्रम संचालन गरेका थिए भन्ने बुझ्न सकिन्छ । निजले मिति २०७५/०३/०६ मा अध्यागमन बिभागलाई लेखेको पत्रमा पनि श्रम अनुमति नहुँदै पनि आफुले बैधानिक रुपमा काम गरेको दाबि गरी आफु जिम्मेवार नेपाली नागरिक भएको विवरण समेत पेश गरेका छन । यसरी, आम नेपाली र नेपाल सरकारलाई गुमराहमा राख्ने चेष्टा गरेको देखिन्छ । यस किसिमको छबि भएको व्यक्ति साँसद र गृह मन्त्रि हुनु अनुकरणिय हुँदैन । राज्य संयन्त्रलाई तथ्यपरक रुपमा दिनु पर्ने सूचना नदिई ढाँटेको बिषयमा पाकिस्तानका पूर्व प्रधानमन्त्री राजा गिलानीको पद अदालतको निर्णयबाट गुमेको वा निजलाई प्रधानमन्त्रीको पदमा रहन अयोग्य ठहर गरिएको यस परिपेक्षमा स्मरणीय छ ।
- निज रबि लामिछानेले सन् २०१८ को मे १८ मा अर्थात २०७५/०२/०४ मा अमेरिकी नागरिकता त्याग गर्ने प्रक्रिया शुरु गरेका र सन् २०१८ को जुन २८ मा अर्थात

२०७५/०३/१४ मा नेपाल स्थित अमेरिकी दुताबास मार्फत अमेरिकी नागरिकता त्याग गरेका ।

- निज रबि लामिछानेले अमेरिकी नागरिकता त्याग गरी सके पश्चात अर्थात २०७५/०३/१४ पश्चात नागरिकता ऐन, २०६३ को दफा ११ र नागरिकता नियमावली, २०६३ को नियम ११, अनुसूचि ११ एंब १२ बमोजिमको प्रक्रिया पूरा गरी नेपालको नागरिकता पुनः प्राप्त गरेका छैनन ।
- मिति २०७९/०८/०४ गते मुलुकमा भएको आवधिक निर्बाचनको शिलशिलामा चितवन निर्बाचन क्षेत्र नं. २ मा उम्मेद्वारी दिएको अवस्था देखि सांसद हुँदाको अवस्था सम्म पनि निजले नेपाली नागरिकता पुनः प्राप्त नगरेको ।
- प्रतिनिधि सभा सदस्यकालागि निर्बाचनमा उम्मेद्वार हुँदाका बखत देखि सांसद हुँदा र उपप्रधान मन्त्रि हुँदा सम्म पनि विधिवत रुपमा नेपाली नागरिक नभएका हुँदा नेपाली नागरिकता नभएको व्यक्ति प्रतिनिधिसभा सदस्य र मन्त्रि हुन् संबैधानिक रुपमा अयोग्य भएकाले निज रबि लामिछानेलाई सांसद हुन् र सांसदको रुपमा कार्य गर्न अयोग्य घोषणा गरी पाउँ भनि रिट निबेदन परेको ।

## ३. निज रबि लामिछानेका मुख्य दलिलहरु सम्बन्धमा

निज रबि लामिछानेले आफ्नो लिखित जवाफमा लिएका मुख्य दलिलहरु निम्न बमोजिम छनः

| क्र.सं. | रबि लामिछानेका मुख्य दलिलहरु | दलिल उपर संक्षिप्त बिबेचना |
|---|---|---|
| १. | ऐनको दफा १०(१) बमोजिमको आफ्नो अवस्था भए पनि नियमावलीको नियम ११ मा कायम नरहेको नागरिकताको बारेमा कुनै पनि कार्यविधि उल्लेख नगरेको । तसर्थ, स्वत पुनः कायम हुने हो । दफा १०(१) को अवस्थामा कसैले निर्णय गर्नु पर्ने, जारी गर्नु पर्ने स्वीकृति गर्नु पर्ने जस्ता अवस्था लागु हुँदैनन । अमेरिकी नागरिकता त्याग गरे पश्चात ऐनको दफा ११ अनुसार पुनः नेपाली नागरिकता कायम हुन आएको । | दफा ११ को प्रक्रिया स्वीकार गरेको तर पुरा नगरेको । नियम ११ मा नै दफा ११ उल्लेख भएको हुँदा दफा ११ लाई स्वीकार गर्नेले नियम ११ लाई अस्विकार गर्न मिल्दैन । नियम ११ लाई दफा ११ वाट अलग गरेर कानून छल्न मिल्दैन । प्रक्रियामा जाँदै नगई वा प्रक्रियामा जाँदा अबरोध श्रृजना भएको स्थापित नगरी आत्मगत रुपमा कार्यविधिलाई दोष दिन मिल्दैन । दफा १०(१) को अबस्थाको व्यक्तिको नागरिकता पुनः प्राप्ति सम्बन्धि कार्यविधि नै छैन भने कायम नभएको नागरिकता न त स्वत: कायम हुन सक्छ, न त कायम गराउन नै सकिन्छ । निज रबि लामिछानेले यस्तो अवस्थाको दलिल पेश गर्नु भनेको निज नेपाली नागरिक होइनन र हुन सक्ने कानूनी अवस्था पनि छैन भनि स्वीकार गर्नु नै हो । कानूनलाई दोषी देखाएर गैर कानूनी कार्य गर्ने छुट हुँदैन । कायम नरहेको नागरिकता बैधानिक रुपमा |

| | | |
|---|---|---|
| | | राज्यले निर्णय नगरी स्वतः कायम हुन वा ब्युँतिन सक्दैन ।<br><br>दफा १०(१) को व्यक्तिले पुनः नेपाली नागरिकता प्राप्त गर्ने कार्यविधि कानूनमा प्रस्टता छैन भन्ने उनको दलिललाई एकछिन मान्ने हो भने मुलुकको नागरिकता, मुलुक प्रतिको आस्था र बिश्वाष परित्याग गरी बिदेशी नागरिकता लिने व्यक्तिलाई सार्बभौम नागरिक माथि शाशन गर्ने हैसियतको नागरिकता पुनः प्राप्त हुनु उचित हो वा होइन भन्ने बारेमा पनि निरुपण हुनु पर्ने देखिन्छ । |
| २. | आफुले नेपालको नागरिकता त्याग नगरेको हुँदा नियम ११ बमोजिमको कार्यविधि अपनाउनु पर्ने अवस्था नभएको । | निज स्वयंले आफु १०(१) को अबस्थाको व्यक्ति हो भनि स्वीकार गरेको र दफा १०(५) को अवस्था पनि नभएको हुँदा निजले दफा १०(२) लाई सिरानी हाल्न मिल्दैन। नियम ११ को प्रक्रिया पुरा नगरेको व्यक्तिले सो प्रक्रियामा आफु जान नपर्ने दाबि गर्न मिल्दैन । प्रक्रियामा नै जान नपर्ने गरी निजलाई कानूनले सुबिधा र विशेषाधिकार प्रदान गरेको छैन । |
| ३. | मिति २०७५/०३/०६ मा "अमेरिकी नागरिकता त्यागेको निस्सा सहित" भिषा प्रयोजनका लागि अध्यागमन बिभागलाई आफ्नो रेकर्ड अध्यावधिक गर्न निबेदन पेश गरेको र गृह मन्त्रालय हुँदै प्रेश काउन्सिल र सूचना तथा संचार मन्त्रालयलाई जानकारी गराएको । | उक्त जानकारी केवल भिषा अध्यावधिक प्रयोजनकालागि मात्रै भएको निज स्वयंले स्वीकार गरेका छन । सो प्रयोजनको निबेदनवाट नागरिकता प्राप्ति वा पुनः प्राप्ति हुन सक्दैन । तोकिएको अधिकारी समक्ष तोकिएको ढाँचामा (अनुसूचि ११ र १२) विदेशको नागरिकता त्याग गरेको निस्सा सहित निजले निबेदन दिन सकेका छैनन। सो कुरा निजले स्वीकार नै गरेका छन । अझै, जुन समयमा निजले अध्यागमन बिभाग समक्ष अर्थात मिति २०७५/०३/०६ मा निबेदन दिए सो समय निज अमेरिकी नागरिक नै थिए । सो समयमा उनले अमेरिकी नागरिकता त्याग गर्न प्रक्रिया अघि बढाएको देखिन्छ तर प्रक्रिया पुरा भई निजको अमेरिकी नागरिकता खारेज भएको आधिकारिक निर्णय मिति २०७५/०३/१४ मा मात्रै भएको छ । अमेरिकी नागरिकता त्याग नै नभएको अवस्थामा त्यागेको निस्सा छ भनि तथ्यगत रुपमै भ्रम सिर्जना गरी निबेदन दिएवाट अमेरिकी नागरिकता त्याग |

| | | |
|---|---|---|
| | | गरेको प्रमाणित हुन सक्दैन । बरु सरकार र सरकारी निकायलाई दिग्भ्रमित गर्ने कोशिस गरेको देखिन्छ । |
| ४. | अमेरिकाको नागरिकता परित्याग गरे पश्चात नेपालमा बसोबास गर्न भिषा लिन नपर्ने भएको हुँदा भिषा नलिई नेपालमा बसोबास गरेको । | अध्यागमन ऐन, २०४९ को दफा २(ख) अन्तर्गत तत्काल नेपाली नागरिक नभएको जुनसुकै व्यक्तिलाई बिदेशी सम्झनु पर्छ भनि व्यवस्था भएको हुँदा निज रबि लामिछानेले नेपालको नागरिकता पुन: प्राप्त नगरेको अबस्थामा पनि आफुले भिषा लिन नपर्ने दलिल गर्नु भनेको आफुले जे गरे पनि हुन्छ, आफुलाई कानून लाग्दैन भन्ने नै हो । निजलाई कानूनको दायरामा ल्याउन नसक्नु राज्यको पनि लाचारीपना हो । हुनत जसले उनलाई कानूनको दयारामा ल्याउनु पर्ने हो, सोहि मन्त्रालयको प्रमुख उनि नै भएका छन । यस किसिमको दण्डहीनता सभ्य समाज र कानूनको शाशन भएको मुलुकमा कल्पनिय पनि हुन नसक्नु पर्ने हो । |

## ४. संबैधानिक र निर्बाचन सम्बन्धि कानूनमा भएको व्यवस्था

ठहर गर्नु पर्ने मुख्य प्रश्नको निरुपण संबैधानिक र कानूनी व्यवस्था, श्री सर्बोच्च अदालतबाट स्थापित भएका नजिर र कानूनका मान्य सिद्धान्तका आधारमा गरिनु पर्दछ । यस बिबादको शन्दर्भमा निम्न संबैधानिक व्यवस्थाहरु आकर्षित हुन्छन :

धारा १७(२)(ग): प्रत्येक नागरिकलाई देहायको स्वतन्त्रता हुनेछ : (ग) राजनैतिक दल खोल्ने स्वतन्त्रता ।

धारा ८७. सदस्यका लागि योग्यता : (१) देहाएको योग्यता भएको व्यक्ति संघिय संसदको सदस्य हुन योग्य हुनेछ : **(क) नेपालको नागरिक**[1]।

धारा ८४. प्रतिनिधि सभाको गठन : (५) अठार बर्ष उमेर पूरा भएको **प्रत्येक नेपाली नागरिकलाई** संघिय कानून बमोजिम कुनै एक निर्बाचन क्षेत्रमा मतदान गर्ने अधिकार हुनेछ ।"

राजनैतिक दल सम्बन्धि ऐन, २०७३ को दफा ६(१)(ग), १४(२), १७ र २१(ज) र राजनैतिक दल सम्बन्धि नियमावली, २०७४ को नियम ३(२), ६(१)(घ) बमोजिम राजनैतिक दलको सदस्यता प्राप्त गर्न र पदाधिकारी हुन् नेपाली नागरिक हुनु पर्दछ । त्यसरीनै प्रतिनिधि सभा सदस्य निर्बाचन ऐन, २०७४ को दफा १२ बमोजिम प्रतिनिधि सभाको उम्मेद्वार हुन् नेपाली नागरिक हुनु पर्दछ एंब नेपालको नागरिक नभएको व्यक्ति सोहि ऐनको दफा १३ बमोजिम उम्मेद्वार हुन् अयोग्य हुन्छन । निर्बाचन (

1. सहजताकालागि मात्रै बोल्ड गरिएको हो ।

कसूर तथा सजाय) ऐन २०७३ को दफा १४ ले नेपाली नागरिकता नभएको व्यक्तिलाई मतदान गर्न समेत प्रतिबन्ध लगाई गैर नेपाली नागरिकले मतदान गरेमा कसूर गरेको मान्दछ ।

नेपालको नागरिक नभई मतदाता हुन र प्रतिनिधिसभा सदस्य हुन मिल्दैन भन्ने प्रस्ट संबैधानिक र कानूनी व्यवस्था भएको परिप्रेक्षमा निज रबि लामिछाने प्रतिनिधिसभा सदस्यको उम्मेद्वारी दिंदाका दिन र हाल सांसद सदस्य र मन्त्रि हुँदाका बेला सम्ममा पनि नेपालका नागरिक होइनन भन्ने तथ्यगत र कानूनी रुपमा प्रस्ट छ ।

## ५. नागरिकता ऐन, २०६३ को दफा १० को व्यवस्था

सर्बप्रथम, नागरिकता ऐन, २०६३ को दफा १० अन्तर्गत ४ वटा अवस्थामा नेपाली नागरिकता कायम रहँदैन ।

- पहिलो, बिदेशी नागरिकता प्राप्त गरेमा,
- दोश्रो, नेपाली नागरिकता त्याग गरेमा,
- तेश्रो, नेपाली नागरिकताबाट हटाइएकोमा, र
- चौथो, नागरिकता नरोजेको अबस्थामा ।

त्यागवाट (by renunciation) मात्रै नेपाली नागरिकता कायम नरहने होइन कि नेपाली नागरिकता कायम नरहने अन्य अवस्थाहरु पनि छन भन्ने कानूनी तथ्य प्रस्ट छ । तसर्थ, मैले नेपाली नागरिकता त्यागेको छैन, सो को सूचना दिएको पनि छैन, मैले नागरिकता त्यागेको बिषयमा सम्बन्धित निकायवाट निर्णय पनि भएको छैन भन्ने दलिलले उक्त ४ वटा अवस्थाहरु मध्ये केवल दोश्रो अवस्थालाई मात्रै चित्रण गर्दछ । उक्त ४ वटा अवस्थाहरु एक अर्का संग फरक फरक छन र अन्तरनिर्भर छैनन् । अर्थात् कुनै एक अबस्थाकालागि अरु अवस्थाहरु पनि बिधमान हुनु पर्ने वा पूर्ब शर्तको रुपमा अबस्थित हुनु पर्ने होइनन । तसर्थ, त्याग नगरे पनि नेपाली नागरिकता कायम नरहने अन्य ३ अवस्थाहरु विधायिकाले प्रस्ट रुपमा ब्यबस्थित गरेको हुँदा निज रबि लामिछाने कुन अबस्थामा पर्नु हुन्छ भन्ने एक्किन गरिन जरुरि हुन्छ । जसलाई निम्न तालिकामा छोटकरीमा प्रस्तुत गरिएको छ ।

| दफा | कानूनी ब्यवस्था | अवस्था |
|---|---|---|
| १०.५ | नेपालको नागरिकले बिदेशी मुलुकको नागरिकता प्राप्त गरेको छ वा छैन भन्ने प्रश्न उठेमा तोकिएको अधिकारीले प्रचलित कानून बमोजिम निर्णय गर्नेछ । | निज रबि लामिछानेले फेब्रवरी २१, २०१४ अर्थात, २०७०/११/०९ मा अमेरिकी नागरिकता लिएको स्वीकार गरेका छन । तसर्थ, उक्त दफा १०.५ को अवस्था बिधमान छैन वा आकर्षित गरी रहनु पर्ने अवस्था छैन । |
| १०.१ | नेपालको कुनै नागरिकले आफूखुसी कुनै बिदेशी मुलुकको नागरिकता प्राप्त गरे पछि | निज रबि लामिछानेले बिदेशी नागरिकता प्राप्त गरेकोले निजको अवस्था उक्त दफा १०.१ अर्न्तगतको हो भन्ने प्रस्ट छ । सो कुरा निजले आफ्नो लिखित जवाफमा समेत |

| | | |
|---|---|---|
| | निजको नेपाली नागरिकता **कायम रहने छैन** । | स्वीकार गरेका छन । यस सम्बन्धमा थप बिबेचना पछिल्ला प्रकरणहरुमा गरिएको छ । |
| **१०.२** | नेपाली नागरिकले नेपालको नागरिकता त्याग्न तोकिए बमोजिम सूचना गरेपछि तोकिएको अधिकारीले त्यस्तो सूचना दर्ता गर्नेछ र त्यसरी दर्ता गरिएको मिति देखि निजको नेपाली नागरिकता **कायम रहने छैन** । | दफा १०.१ को अवस्थामा सूचना दिनु पनि पर्दैन र त्यस्तो सूचना दर्ता हुनु पनि पर्दैन । तर दफा १०.२ को अबस्थामा नागरिकता त्याग गर्न तोकिए बमोजिमको सूचना अर्थात् नागरिकता नियमावलीको अनुसूचि ९ बमोजिमको विवरण पेश गर्नु पर्दछ र अनुसूचि १० बमोजिम दर्ता गरिएको हुनु पर्दछ । उक्त पूर्बाबस्था पूरा नगरी नागरिकता त्याग हुन् सक्दैन । निज रबि लामिछानेको अवस्था नागरिकता त्यागको अर्थात दफा १०.२ को होइन । उनको अवस्था दफा १०.१ को हो । |
| **१०.३** | दफा १४ बमोजिम कुनै व्यक्तिलाई नेपाली नागरिकतावाट हटाईएकोमा त्यसरी हटाइएको मिति देखि त्यस्तो व्यक्तिको नेपाली नागरिकता **कायम रहने छैन** । | झुट्टो विवरण दिई वा झुक्याई नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गरेमा दफा १४ को अवस्था उत्पन्न हुन्छ र यस्तो अवस्थामा नेपाल सरकारले सो अधिकारको प्रयोग गर्न सक्ने देखिन्छ । निज रबि लामिछानेलाई नेपाल सरकारले नागरिकतावाट हटाएको छैन । तथापी, निज नेपाली नागरिक नहुँदा नहुँदै पनि श्री निर्बाचन आयोग देखि बिभिन्न सरकारी निकाय र आम मतदाता समेत लाई झुक्याएको अवस्था भने बिधमान छ । |
| **१०.४** | कुनै व्यक्तिलाई एकैसाथ नेपालको र बेदेशी मुलुकको नागरिकता प्राप्त हुने अवस्था भएमा त्यस्तो व्यक्तिले सोह्र बर्ष उमेर पुगेको दुई बर्ष भित्र कुनै एक मुलुकको नागरिकता रोज्नु पर्नेछ । त्यसरी नागरिकता नरोजेको अबस्थामा सो म्याद नाघे पछि निजको नेपाली नागरिकता **कायम रहने छैन** । | निज रबि लामिछानेको अवस्था यस अन्तर्गत पनि पर्दैन । |

## ६. दफा १०.१ का सम्बन्धमा

उक्त दफा १०.१ मा तीन वटा महत्वपूर्ण कानूनी अबस्थाहरु सन्निहित छन:

- आफूखुसी अर्थात् ईच्छापूर्बक वा स्वइच्छित कार्य,
- बिदेशी नागरिकता प्राप्ती, र
- परिणामस्वरूप नेपाली नागरिकता कायम नरहने ।

आफूखुसी अर्थात् ईच्छापूर्बक वा स्वइच्छित कार्य : निज रबि लामिछानेले प्राप्त गरेको अमेरिकी नागरिकता निजको खुसीले लिएको होइन भन्न सकेका छैनन । बरु अमेरिकामा अंगिकृत नागरिकता लिनका लागि अमेरिकी कानून अनुसार भर्नु पर्ने फर्म नं. ४०० नभरी नागरिकता प्राप्त हुन् सक्दैन । तसर्थ निजले उक्त फर्म भरेको स्वत प्रस्ट छ । उक्त फर्मको भाग १३ मा उल्लेखित विवरण र सो बिबरणंमा गरिने हस्ताक्षर बाट समेत सो कुरा प्रमाणित हुन्छ (उक्त फर्म अनुसूचि १ मा संलग्न गरिएको छ) । तसर्थ "आफूखुसी" को कानूनी अवस्था निजको हकमा बिधमान भएको निबेदन गर्दछौ ।

बिदेशी नागरिकता प्राप्ती : त्यति मात्रै होइन अमेरिकी नागरिकता प्राप्त गर्दा अमेरिकी कानून अनुसार निम्न बमोजिमको सपथ लिनु पर्दछ (उक्त सपथ अनुसूचि २ मा संलग्न गरिएको छ) :

> **"I hereby declare, on oath, that I absolutely and entirely renounce and abjure all allegiance and fidelity to any foreign prince, potentate, state, or sovereignty, of whom or which I have heretofore been a subject or citizen;**
>
> **...that I will support and defend the Constitution and laws of the United States of America against all enemies, foreign and domestic;**
>
> **...that I will bear true faith and allegiance to the same;**
>
> **...that I will bear arms on behalf of the United States when required by the law;**
>
> **...that I will perform noncombatant service in the Armed Forces of the United States when required by the law;**
>
> **...that I will perform work of national importance under civilian direction when required by the law; and**
>
> **...that I take this obligation freely, without any mental reservation or purpose of evasion; so help me God."**

निज रबि लामेछानेले निर्बाचन आयोगमा दिनु भएको विवरण र लिखित जवाफमा समेत सन् २०१४ फेब्रवरी २१ अर्थात २०७०/११/०९) मा अमेरिकी नागरिक बनि अमेरिकी राहदानी (राहदानी नं. ५१२९६६९८१) लिएको स्वीकार गरेका छन । तसर्थ, निजले उल्लेखित सपथ खाएर अर्थात नेपाल प्रतिको सम्पूर्ण आस्था र निष्ठा परित्याग गरी अमेरिकाको संबिधानको रक्षा गर्ने, अमेरिका प्रति आस्था र निष्ठा कायम गर्ने, अमेरिकाको हित र पक्षमा हतियार उठाउने र अमेरिकाको निर्देशनमा अमेरिकाको हितमा कार्य गर्ने कसम वा सपथ खाएर अमेरिकी नागरिकता प्राप्त गर्ने कार्य गरेको अवस्था हो ।

परिणामस्वरूप नेपाली नागरिकता कायम नरहेको : निज रबि लामिछानेले अमेरिकी नागरिकता नलिएको भए उनको नेपाली नागरिकता कायम नै रहन्थ्यो । उनले अमेरिकी नागरिकता लिएको परिणामस्वरूप निजको नेपाली नागरिकता कायम नरहेको हो । निजकै कार्य को परिणाम हो । यसरि निज रबि लामिछानेले आफूखुसी अमेरिकी नागरिकता प्राप्त गरेका हुँदा निजको नेपाली नागरिकता ( मिति २०५०/११/१० को नेपाली नागरिकता ) कायम नरहेको तथ्य र कानूनी व्यवस्था प्रस्ट रुपमा स्थापित छ। आफु अमेरिकामा गएर पढ्ने र काम गर्ने सिलसिलामा अमेरिकी नागरिकता लिएको भनि निजले भनेका छन । तर बिदेशमा गएर अध्ययन गर्न र काम गर्नका लागी बिदेशी नागरिकता लिनु पर्ने हुँदैन । उनले के कति पढेका छन र अमेरिकामा गएर कुन बिषय कुन कलेज वा बिश्वबिध्यालयमा अध्ययन गरेक हुन भनि खुलाउन सकेका पनि छैनन ।

### ७. दफा १०.१ मा "कायम रहने छैन" भन्नु को अर्थ के हो ?

नागरिकता ऐन, २०६३ को दफा १० मा "कायम रहने छैन" भनि प्रयोग गरिएको शब्दलाई भारतीय नागरिकता ऐन, सन् २०५५ को दफा ८ र ९ मा "shall cease to be a citizen of India" भनेर प्रयोग गरिएको पाइन्छ । नागरिकता कायम रहने छैन (ceased to be a citizen) भन्नुको अर्थ "अस्तित्वमा रहँदैन" "मान्यता पाउँदैन" प्रयोग गर्न सकिदैन" "कानूनले चिन्दैन वा जान्दैन" "समाप्त भएको छ" भन्ने नै हो । कायम रहने छैन भन्नुको अर्थ त्यसको कानूनी अस्तित्व समाप्त भएको हुँदा त्यो स्वत: बदर (void or forfeit) छ भन्ने बुझिन्छ । त्यस्तो अबस्थामा बदर गरी रहनु (voidable) पनि पर्दैन ।

Black Law Dictionary का अनुसार cease भन्नाले "1. To stop, forfeit, suspend, or bring to an end. 2. To become extinct; pass away…" भनि ब्याख्या गरिएको छ । त्यसरीनै Forfeiture भन्नाले "1. The divestiture of property without compensation. 2. The loss of a right, privilege or property because of a crime, breach of obligation, or neglect of duty. Title is instantaneously transferred to another, such as the government…" भनि ब्याख्या गरिएको छ । *Abida Khatoon And Anr. v. State of U.P. And Ors.* on 16 April, 1962 को मुद्धामा (अनुसूचि ३ मा संलग्न गरिएको छ) Allahabad High Court ले निम्न सिद्धान्त संस्थापित गरेको पाइन्छ :

"… general principle that any person who acquires the **citizenship** of any other country **shall cease** to be a citizen of India" [Para. 12]. "…If a person migrated to Pakistan with the intention of residing there permanently he became a citizen of Pakistan. He did not have to apply for naturalisation or registration or formally renounce his Indian Citizenship. This is an important point in considering the meaning of the word migration in Section 3 (d)…an Indian Citizen could not migrate to Pakistan without a conscious desire to abandon, and actually abandoning, his domicile of origin. On the other hand, if migration is interpreted as change of residence leading to change of citizenship without change of domicile this may lead to absurd results" [Para. 19].

यस बाट के प्रस्ट हुन्छ भने नेपालको नागरिकले विदेशको नागरिकता लिए पश्चात नेपालको नागरिकता स्वत: समाप्त हुन्छ र यस्तो अबस्थामा नागरिकता त्याग गर्न निबेदन दिनु पर्ने लगायतका कुनै पनि प्रक्रियामा जानु पर्दैन । तसर्थ, नागरिकता कायम नरहनु भनेको नागरिकता समाप्त हुनु हो । समाप्त भएको नागरिकता राज्यको सहमति, स्वीकृति र कानूनी प्रक्रिया बाहेक पुन: कायम हुन्

सक्दैन ।त्यसैले नागरिकता नियमावलीको नियम ११ मा "नागरिकताको प्रमाणपत्र जारी गर्ने छ" भन्ने व्यवस्था गरिएको पाइन्छ । एक पटक कायम नभएको नागरिकता राज्यको निर्णय बिना पुनः सक्रिय गर्न वा कायम गराउन सकिदैन भनि प्रस्ट कानूनी व्यवस्था गरिएको शन्दर्भमा कुनै व्यक्तिले आफुलाई मन पर्दा विदेशको नागरिकता लिने अनि आफ्नै मनमोजिमा राज्यको भूमिका बिना वा राज्यलाई भूमिका बिहिन बनाएर कायम नभएको नागरिकता आफैले कायम गरी प्रयोग गर्न पाउने हो भने कानून हातमा लिने अराजक प्रवृति बढ्ने र विधिको शाशन पराजित हुने खतरा बढ्दछ । अझ नागरिकता जस्तो संबेदनशील बिषयमा यस किसिमको अराजकता स्वीकार्य हुन् सक्दैन ।

नागरिकता कानूनी प्रक्रिया पुरा गरी राज्यले आधिकारिक निर्णयद्वारा प्रदान गर्ने राज्य र नागरिकका बिचको सम्बन्ध र पहिचानको प्रमाण हो । जब कानूनद्वारा नै नागरिकता कायम रहँदैन भनि घोषणा गरिन्छ तब कायम नरहेको (void or forfeited) नागरिकता कायम हुनका लागि पनि कानून बमोजिम नै राज्यले आधिकारिक निर्णय गर्नु पर्दछ । कायम नरहेको नागरिकता बैधानिक प्रक्रिया पुरा नगरी स्वतः कायम हुन् सक्दैन । प्रस्तुत मुद्धामा निज रबि लामिछानेले मिति २०५०/११/१० गते लिएको नागरिकता कायम नरहेको स्वीकार गर्नु भएको छ । तर निजले अमेरिकी नागरिकता त्याग गरेको मिति देखि निजको कायम नरहेको नागरिकता स्वतः ब्युँतिएको वा कायम भएको गलत तर्क गरि रहनु भएको छ । जुन नागरिकता कायम रहँदैन वा अस्तित्वमा नै रहँदैन त्यस्तो नागरिकता मनखुसि रुपमा वा ब्यक्तिगत र निजि निर्णयका आधारमा स्वतः कायम हुन्छ भन्ने निज रबि लामिछानेको दलिल खमबिर र ग्रहण योग्य छैन ।

यस सन्दर्भमा श्री सर्बोच्च अदालत, संबैधानिक ईजलाशवाट *सुरेन्द्र बहादुर श्रेष्ठको* मुद्धा (०७२-WS-०००७) र भारतको पटना उच्च अदालतवाट *Kiran Gupta v. The State Election Commission* को मुद्धामा (अनुसूचि ४ मा संलग्न गरिएको छ) सन् २०२० को अक्टुबरमा भएको निर्णय शान्दर्भिक हुने भएकोले संक्षिप्त रुपमा निबेदन गरिएका छन ।

### *सुरेन्द्र बहादुर श्रेष्ठको* मुद्धा (०७२-WS-०००७)

प्रस्तुत मुद्धमा निज रबि लामिछानेले जे जुन दलिल र जिकिर लिनु भएको छ त्यस्तै दलिल र जिकिर लिइएको थियो । रिट निवेदक सुरेन्द्रबहादुर श्रेष्ठ पनि बंशजकै नाताले नेपाली नागरिक हुनुका साथै २०५३ साल सम्म नेपालमा कानून ब्यबशाय गरेका कानून ब्यबशायी थिए । २०५३ साल देखि बेलायतमा बसोबास गरी बेलायतको अंगिकृत नागरिकता लिएका थिए । उनले पनि नेपालको नागरिकता त्याग नगरेको हुँदा नागरिकता ऐनको दफा १०(१) ले बिदेशी नागरिकता प्राप्त गरे पश्चात नेपालको नागरिकता कायम नहुने जुन व्यवस्था गरेको छ त्यस वाट निजको व्यैक्तिक तथा संबैधानिक हक हनन भएको हुँदा उक्त दफा १०(१) नै बदर गरी पाउँ भनि रिट निबेदन प्रस्तुत गरेका थिए । **नेपाली नागरिकले नेपालको नागरिकता स्वेच्छाले परित्याग नगरे सम्म विदेशको नागरिकता लिएको आधारमा नेपालको नागरिकता अस्तित्वहीन हुन सक्दैन** तसर्थ नेपाली नागरिकता कायम नहुने व्यवस्था भएको दफा १०(१) बदर हुनु पर्दछ भन्ने नै मुख्य जिकिर थियो ।

उक्त मुद्धामा नेपाल सरकार कानून, न्याय तथा संसदीय मन्त्रालयको तर्फ वाट परेको लिखित जवाफ पनि उद्धरणिय छ । जसको केहि अंश निम्न बमोजिम छ :

"...नागरिकता व्यक्ति र राज्यबीच एक अर्कोप्रति अधिकार तथा कर्तब्यहरु सिर्जना गर्ने प्राकृतिक व्यक्ति र राज्यबिचको स्थायी, राजनैतिक र बैधानिक सम्बन्ध हो । नागरिकताको प्राप्ति, समाप्ति र पुनः प्राप्तिको आधार राष्ट्रिय कानूनबाटै निर्धारित हुन्छ । विश्वमा द्वैध नागरिकताको र एकल नागरिकताको प्रचलन रहेकोमा कतिपय मुलुकले द्वैध नागरिकताको मान्यतालाई स्वीकार गरेको र कतिपयमा एकल नागरिकताको मात्र व्यवस्था भएको पाइन्छ । एकल नागरिकताको अभ्यास भएको देशको नागरिकले बिदेशी मुलुकको नागरिकता लिएमा निजको राष्ट्रियताको मुलुकको नागरिकता समाप्त हुन्छ । नेपालले शुरु देखि नै एकल नागरिकताको अवधारणालाई स्वीकार गरी आएको छ । एकल वा द्वैध नागरिकताको बिषय राष्ट्रिय हितको आधारमा सम्बन्धित मुलुकले तय गर्ने बिषय हो ...विदेशको नागरिकता लिएको व्यक्तिले संविधानको धारा ४८ ले किटान गरेको नागरिकका कर्तव्य पालन गर्न नसक्ने हुँदा नागरिकता ऐनमा एकै पटक दुई देशको नागरिकता कायम रहन सक्दैन भन्ने मान्यतालाई आत्मसात गरेको हो ।"

यस मुद्धामा सम्मानित श्री सर्बोच्च अदालतवाट निम्न सिद्धान्त संस्थापित भएका छन :

- हरेक मुलुकले आआफ्नो राष्ट्रिय परिवेश अनुसार नागरिकता प्राप्ति र समाप्तिका आधार तय गरेका हुन्छन (प्रकरण २४ र २५) ।
- नागरिक आफ्नो राज्य प्रति बफादार रहे सम्म राज्यले सो नागरिकको जिम्मा लिन्छ (प्रकरण २४) ।
- नागरिकताको माध्यम बाट नै कुनै पनि नागरिकले शाशन पद्धतिमा सहभागी हुन् पाउँछन । नागरिकता राज्य र व्यक्ति बिचको राजनैतिक सम्बन्ध सेतु हो (प्रकरण १६) ।
- कुनै व्यक्ति एकै पटक दुई देशको नागरिक हुन् सक्छ कि सक्देन भन्ने बिषय सोहि देशको कानूनले निर्धारण गर्ने बिषय हो । **नागरिकता ऐनको दफा १० ले दोहोरो नागरिकता स्वीकार गर्दैन** (प्रकरण २६ र ३३) ।
- नेपालको नागरिक हुन् योग्य व्यक्ति वा बिदेशी नागरिकता पाएको व्यक्ति पनि अन्य नेपाली नागरिक सरह नै नागरिकताको दाबेदार हुन पाउँछ वा नेपालको नागरिकता प्राप्त गरेको कुनै व्यक्तिले अन्य बिदेशी मुलुकको नागरिकता प्राप्त गरि सकेपछि पनि नेपालको नागरिकको हैसियतमा सबै राजनैकित अधिकारको दाबि गर्ने हक रहेको हुन्छ भन्ने संबैधानिक व्यबस्थाको आशय देखिदैन (प्रकरण ३५) ।
- **नेपालको नागरिकता पाएको नेपाली नागरिकले अर्को देशको नागरिकता लिए पछि निजको हैसियत अन्य नेपाली नागरिक सरहको हुन्छ भनि अर्थ गर्न मिल्ने देखिदैन** (प्रकरण ३५) ।
- देशको मूल कानून आफैमा स्पस्ट र द्धिबिधा रहित रहेको अबस्थामा अन्यथा ब्याख्या गरी अर्को निष्कर्षमा पुग्न मिल्दैन (प्रकरण ४३ )
- नेपालको नागरिकले बिदेशी नागरिकता लिएकोमा पुनः नेपाली नागरिकता नलिए सम्म निजको बसोबास (domicile) निजको नागरिक भएको मुलुककै हुन्छ र नेपालमा निजको हैसियत गैर आबासिय नेपालीको रुपमा हुन्छ (प्रकरण ३९) ।
- **विदेशको नागरिकता त्याग गरेको अवस्थामा कानूनले तोकेको शर्त र अवस्था अनुसार नेपालको नागरिकता पाउन सकिने** (प्रकरण ४१) ।

श्री सर्वोच्च अदालतवाट संस्थापित यस नजिर वा सिद्धान्तवाट निज रबि लामिछानेको वर्तमान हैसियत केवल गैर आबाशिय नेपाली नागरिक सरह को हो र निजले अमेरिकी नागरिकता त्याग गरी सकेको हुँदा कानूनले तोकेको शर्त र अवस्था पुरा गरेर नेपालको नागरिकता प्राप्त गर्नु पर्दछ र कानूनी प्रक्रिया पुरा नगरी स्वत: नेपाली नागरिकता कायम हुन सक्दैन भन्ने प्रस्ट भई सकेको हुँदा रिट निबेदन जारी हुनु पर्दछ भनि निबेदन गर्दछौं ।

*Kiran Gupta v. The State Election Commission*

प्रस्तुत मुद्धामा किरण गुप्ता नेपालमा जन्मिएकी र नेपालमा हुर्किएकी व्यक्ति थीइन । उनले सन् २००३ मा अशोक कुमार गुप्ता भन्ने भारतीय नागरिक संग बिबाह गरेकी थीइन । बिबाह गरे पश्चात उनको नाम भारतको बिहार राज्यको मतदाता नामावलीमा संलग्न गरिएको थियो । उनको नाममा भारतमा बैंक खाता थियो, PAN कार्ड पनि थियो, आधार कार्ड पनि थियो, उनका छोरा छोरीको जन्म दर्ता भारतमा भएको थियो, उनले भारतमा उच्च शिक्षा पनि लिएकी थिइन्, उनको नाममा जग्गा जमिन पनि थियो र उनले सन् २०१६ फेबरअरी २४ मा नेपालको नागरिकता पनि परित्याग गरेकी थिइन । सितामनी जिल्लाको मनिक चोक गाउँको मुखियामा उनि सन् २०१८ मा निर्बाचित भए पश्चात उनको नागरिकताको विवाद अदालतमा पुगेको थियो । प्रस्तुत मुद्धामा Patna High Court वाट October 12, 2020 मा भएको निर्णय निम्न बमोजिम छ ।

- The appellant herself acknowledged that she was born and raised in Nepal before her marriage in 2003, and was not an Indian citizen by birth or descent under Sections 3 and 4 of the Citizenship Act, 1955. Based on the facts admitted by the appellant herself, the State Election Commission was empowered to set aside her election as Mukhiya [Para. 9].
- Reading of Section 135 of the Panchayat Act makes it clear that every person whose name is entered in the voters' list of any Panchayat constituency, unless disqualified under the Act or any other provisional law, shall be qualified to be elected as a member or office-bearer of the Panchayat [Para. 22].
- But, Section 136 of the Panchayat Act commences with a non-obstante clause. The expression used is 'notwithstanding anything contained in this Act'. **If a person entails any one of the disqualifications also enumerated in the said Section, a person will entail disqualification**. The language used is clear. For holding the post of a Mukhiya, the person stands disqualified if she/he is not a citizen of India. The use of the expression "shall" in subsection (1) of Section 136 indicates that a person who is not a citizen of India entails immediate disqualification [Para. 23].
- The statute covers disqualification from membership both before or after the elections. The disqualification of membership is for contesting an election and for holding the post as a Mukhiya. One of the grounds of disqualification, with which we are concerned, is a person not being a citizen of India. The expression 'citizen of India' is not defined under the Panchayat Act. We have seen that the Constitution of India itself does not confer any right of Citizenship. Hence, we have to consider

the Law framed thereunder, which is the Citizenship Act enacted under Entry 17 of List I of the Seventh Schedule for acquisition and determination of Indian Citizenship.

- In our considered view, it is not that anyone or everyone (person) can, as a matter of right, claim Citizenship of India. **Power and discretion of conferring citizenship vests with the Central Government which, of course, has to be exercised as per settled principles of Law.** Further, the Section itself categorizes the persons entitled to exercise their right to file an application requesting for registration as a citizen of India. **Unless decided, the mere filing of an application does not confer any right of Citizenship** [Para. 29].
- The appellant's case would fall under clause (c) of sub-section (1) of Section 5. She is married to a citizen of India and is ordinarily residing in India for the last seven years. But then, significantly and undisputedly, she never sought Citizenship by way of registration, more so, after voluntarily relinquishing her Citizenship of Nepal in February 2016. An oath of allegiance is necessarily required to be taken by the appellant. **Hence, by her actions and conduct, she precluded herself from being considered as a citizen** under the Citizenship Act [Para 29].
- Mere relinquishment of original Citizenship cannot be perceived as an intent of seeking Indian Citizenship. The Citizenship Act does not provide for a scenario where a person residing in India, upon relinquishing her/his original Citizenship is automatically considered to be a citizen of India [Para. 31].

## ८. नागरिकता पुनः कायम हुने सम्बन्धमा दफा ११ को व्यवस्था

उक्त दफा १०.१ अन्तर्गत कायम नरहेको नागरिकता पुनः कायम हुने व्यवस्था दफा ११ ले गरेको छ । पुनः कायम हुनका लागि उक्त दफा ११ ले ४ वटा अनिबार्य पूर्व शर्त तोकेको अवस्था छ । उक्त ४ वटा पूर्व शर्त वा अवस्था ऐच्छिक होइनन । अनिबार्यरुपमा पालन गर्नु पर्ने शर्तहरु हुन । जुन निम्न बमोजिम छन :

| क्र.सं. | पूर्बावस्था | रबि लामिछानेले पुरा गरेको वा नगरेको |
|---|---|---|
| १. | नेपालमा आई बसोबास गरेको | पुरा गरेका (अमेरिकी नागरिकको रुपमा नेपाल प्रवेश गरी पारिवारिक भिषा लिई नेपालमा बसेका) |
| २. | बिदेशी मुलुकको नागरिकता त्यागेको | पुरा गरेका (निज रबि लामिछानेले सन् २०१८ को जुन २८ मा (असाढ १४, २०७५) नेपाल स्थित अमेरिकी दुताबास मार्फत अमेरिकी नागरिकता त्याग गरेका) |

| | | |
|---|---|---|
| ३. | बिदेशी मुलुकको नागरिकता त्यागेको निस्सा तोकिएको अधिकारी समक्ष पेश गरेको | पुरा नगरेको तथ्य स्विकार गरेका (अर्थात् सो कार्य निजले गर्नु पर्ने होइन भन्ने जिकिर लिएका र कानूनले अनिबार्य मानेको प्रक्रिया आफुले पुरा नगरे पनि हुने गरी आफुलाई कानून नलाग्ने वा आफु कानून भन्दा माथि भएको चिन्तन प्रस्तुत गरेका छन) |
| ४. | बिदेशी मुलुकको नागरिकता त्यागेको निस्सा तोकिएको अधिकारी समक्ष दर्ता भएको | दर्ता नगरेको तथ्य स्विकार गरेका । |

अर्थात् कायम नरहेको नागरिकता स्वतः कायम हुन वा आफुले चाहेका बखत स्वतः कायम हुने छुट कानूनले दिएको छैन । कानूनले पुनः कायम हुन सक्ने अवस्था प्रदान गरेको छ । तर माथि उल्लेखित ४ पूर्बाबस्था पुरा गरे पश्चात मात्रै पुनः कायम हुन सक्दछ । त्यसरी पुनः कायम गराउन निस्सा सहित निबेदन दिनु पर्ने र त्यस्तो निबेदन दर्ता हुन पर्ने अनिबार्य पूर्ब शर्त र प्रक्रिया निज रबि लामिछानेले पुरा नगरेको तथ्य स्विकार गरेको अवस्थामा निज नेपाली नागरिक नभएको कुरा तथ्यगत रुपमा पुष्टि भएको छ ।

## ९. दफा ११ र नियम ११ को अवस्था र प्रयोग

नगरिकता ऐनको दफा ११ अन्तर्गत माथि प्रकरण ८ मा उल्लेखित ४ वटा पूर्बाबस्था बिधमान भए पश्चात नेपाली नागरिकता पुनः कायम हुने व्यवस्था गरिएको छ । नगरिकता नियमावलीको नियम ११ को शिर्षकमा पुनः नेपाली नागरिकता कायम गर्ने कार्यविधि भनि उल्लेख गरी नियम ११ को मूल पाठमा "नेपालको नागरिकता त्यागी" भन्ने शब्दांश राखिएको हुँदा निज रबि लामिछानेले नेपालको नागरिकता त्यागेका होइनन तसर्थ उक्त नियम ११ को प्रक्रियामा जान पर्दैन भन्ने दलिल गरिएको अवस्था छ ।

तसर्थ, नियम ११ एंब ऐनको दफा १०(१), १०(२) र ११ को ब्याख्या के हो भन्ने प्रश्न सन्निहित रहेको छ । सो ब्याख्या गर्दा केहि आधारभूत सैद्धान्तिक मापदण्ड भित्र रहेर नै ब्याख्या गरिनु पर्ने हुन्छ । जुन निम्न बमोजिम छन :

- नियमको ब्याख्या गर्दा ऐन वा ऐनको प्राबधानलाई निष्क्रिय बनाउने, प्रयोजनहिन बनाउने वा बंग्याउने किसिमले ब्याख्या गर्न मिल्दैन ।
- ऐनको अधिकार र सर्बोच्चत्तालाई नियमले उल्लङ्घन गर्न, काटन वा तोडमरोड गर्न मिल्दैन ।
- नियमलाई ऐन संग सुसंगत हुने गरी ब्याख्या गर्नु पर्दछ ।
- शिर्षक (Heading) र पाठ (Text) का बिचमा तालमेल नहुने अवस्था भएमा शिर्षकलाई उक्त प्राबधानको प्रस्तावनाको रुपमा अंगिकार गरी ब्याख्या गरिनु पर्दछ ।

सर्बप्रथम, त्याग वा त्याग्नु भन्ने शब्दको शाब्दिक अर्थ के हो हेर्नु पर्ने हुन्छ :

> नेपाली बृहद शब्दकोशका अनुसार "त्याग" भन्नाले "कुनै व्यक्ति, बस्तु धारणा आदि बाट आफ्नो अधिकार, स्वत्व, माया, स्नेह वा सम्बन्ध बिच्छेद गर्ने काम; उत्सर्ग; छोड्ने काम; बैराग्य; मोचन" हो ।
>
> ऐ. कै अनुसार "त्याग्नु" भन्नाले "त्याग गर्नु, छोड्नु, नलिनु; माया मार्नु, छुट्टी दिनु; हटाउनु, बार्नु, बर्जित गर्नु; अर्पनु; चढाउनु" हो ।

तसर्थ, समग्र रुपमा हेर्दा ऐनको दफा १०(१) को अवस्था भनेको आफ्नो खुसीले (willingly) नेपालको नागरिकताको सट्टामा वा बदलामा विदेशको नागरिकता प्राप्त गर्ने कार्य भएको हुँदा सो कार्य भनेको आफ्नो खुसीले नेपालको नागरिकता छोड्नु नै हो । अर्थात् नेपालको नागरिकता त्याग्नु नै हो । नेपालले दोहोरो नागरिकताको प्रणाली नअपनाएको हुँदा बिदेशी नागरिकता लिनु र बिदेशी नागरिकता लिंदा नेपाल प्रतिको आस्था र निष्ठा त्याग गर्छु (to renounce allegiance and fidelity) भनि सपथ लिनु भनेको नेपालको नागरिकता छोड्नु वा त्याग्नु नै हो । अर्को अर्थमा भन्दा नेपालको नागरिकता प्रति अनादर गर्नु, नेपालको नागरिकतालाई हेय भाबले हेर्नु, नेपालको नागरिकतालाई महत्व नदिनु, र नेपालको नागरिकता तिरस्कार गर्नु नै हो । यस किसिमको कार्य गर्ने व्यक्तिकालागि मनमौजी रुपमा जब चाहन्छन तब अनि कुनै पनि कानूनी प्रक्रिया पुरा नगरी नागरिकता पुनः कायम भएको मान्न सकिदैन र कानूनले पनि स्वीकार गरेको छैन ।

तर दफा १०(१) को अवस्थाको त्याग र दफा १०(२) अनुसारको त्यागमा भने विधायिकाले केहि प्रक्रियागत अवस्था समेत तय गरेको छ । बिधायिकाले दफा १०(१) मा पनि "कायम रहने छैन" र दफा १०(२) मा पनि "कायम रहने छैन" भन्ने समान शब्दांश राखेको छ । तर दफा १०(२) मा कार्य सम्पन्न नभई सकेको हुँदा कानूनले छनौटको मौका (choice) दिएको छ भने अर्को तिर त्याग गर्नु पर्ने कारण समेत उल्लेख गर्नु पर्ने दायित्व सिर्जना गरेको छ । अर्थात् राज्य आफ्नो नागरिकले नागरिकता त्याग गर्नु पर्ने कारण के रहेछ भन्ने बिषय जान्न चाहन्छ र त्याग गर्ने भए सो को प्रक्रियामा जान कानूनले निर्दिष्ट गरेको छ । दफा १०(२) को अबस्थामा राज्य लचिलो र संबेदनशिल छ । सो कुरा नियमको अनुसूचि ९ हेरेको खण्डमा पनि प्रष्ट हुन्छ ।

नागरिकताको बिषय राज्य र व्यक्ति बिचको प्रस्ट, पारदर्शी र विश्वाषको सम्बन्ध हो । यस किसिमको सम्बन्धमा ढाँट, छल, कपट, बेइमानी र अवसरबाद देखिनु हुँदैन । व्यक्तिको राज्य प्रतिको निष्ठा र आस्था निस्कपट र निरन्तर हुनु पर्दछ भने राज्यले नागरिकको रुपमा मौलिक मानब अधिकार लगायतका अधिकारको संरक्षण गरेर व्यक्तिको पहिचान सुरक्षित गर्दछ । त्यसैले जननी जन्म भूमिको रुपमा मुलुकलाई बुझ्ने गरिन्छ । जसरि आमालाई त्याग गर्न सकिदैन त्यसरी नै मुलुकलाई पनि त्याग गर्नु हुँदैन भन्ने मान्यतामा नागरिक र राज्यको सम्बन्ध अडेको हुन्छ । तर जब कुनै विधर्मीले मुलुकलाई त्याग गर्छ तब आमालाई त्याग गरे सरह मानिन्छ । दफा १०(१) को अवस्था त्यहि अवस्था हो ।

दफा १०(१) ले त्याग्नु पर्ने प्रक्रिया तोकेको छैन भने दफा १०(२) ले त्याग्नु पर्ने प्रक्रिया तोकेको छ । बिधियिकाले किन यस किसिमको व्यवस्था गरेको हो भन्ने ब्याख्या हुन् जरुरि छ । दफा १०(१) को अवस्थामा भने छनौटको मौका कानूनले दिएको छैन । किनकि आफैले आफ्नो खुसिले अर्को देशको नागरिकता प्राप्त गरेको हुँदा (कार्य सम्पन्न गरी सकेको हुँदा) राज्यले मौका दिनु पर्ने अवस्था समेत गुमी सकेको हुन्छ वा राज्यलाई सो अबसर समेत नदिई बिदेशको नागरिकता लिई सकेको हुँदा राज्य

र नागरिक बिचको सम्बन्ध नै तोडिई सकेको वा गुमीसकेको हुन्छ। यस किसिमको कार्य ज्यादै गम्भीर हुँदा नेपालको नागरिकता कायम रहँदैन भनि राज्यले निर्णय लिएको अवस्था हो। यो सामान्य अवस्था होइन। यो कठोर अवस्था हो। जसले आफुलाई पहिचान दियो सोहि राज्य ठिक लागेन, राज्य नै बदल्छु भनि राज्य र राज्य प्रतिको निष्ठा नै बदलेर राज्य माथि गरिएको अपमान हो। अर्को शब्दमा भन्दा दफा १०(१) मा "कायम रहने छैन" भनिएको अबस्थानै राज्यको बाध्यात्मक, अनिबार्य र निश्चयात्मक निर्णय हो। यो कानूनले नै घोषणा गरको अवस्था हो। तसर्थ, दफा १०(१) को अवस्थाले दफा १०(२) को जस्तो प्रक्रिया खोज्नु नपरेको हो। दफा १०(१) को अवस्था उत्पन्न भएको हो वा होइन भन्ने विवाद उठेमा बाहेक दफा १०(१) आफैमा पूर्ण कानूनी अवस्था (an accomplished legal status) हो। दफा १०(५) अर्न्तगत विवाद उठेमा भने सो को निर्णय नियम १० बमोजिम गृह मन्त्रालयले गर्ने कानूनी व्यवस्था बाहेक दफा १०(१) को अबस्थामा विवाद नभए पश्चात दफा १०(१) आफैमा पूर्ण कानूनी घोषणा हो। निज रबि लामिछानेले अमेरिकाको नागरिकता लिएको स्वीकार गरेको अबस्थामा उक्त नियम १० को अवस्था बिधमान छैन।

तसर्थ, उक्त दफा १०(१) को अबस्थाको व्यक्तिले नेपालको नागरिकता त्याग गर्न प्रक्रिया चलाउनु पर्दैन। सो कार्य स्वतः त्याग सरहको हो। अर्को शब्दमा भन्दा दफा १०(२) अन्तर्गत प्रक्रिया (सामान्य प्रक्रिया--नागरिकता त्याग गर्न सूचना दर्ता गर्ने सम्मको) पुरा गरे पश्चात नागरिकता त्याग हुन्छ भने दफा १०(१) अन्तर्गत भने विदेशको नागरिकता लिए पश्चात नेपालको नागरिकता स्वतः नै कायम रहँदैन। दफा १०(२) को प्रक्रिया चलाउँदा विदेशको नागरिकता प्राप्त गरी सकेको हुँदैन भने दफा १०(१) अन्तर्गत विदेशको नागरिकता प्राप्त गरी सकेको अवस्था हुन्छ। त्यसैले निज बिपक्षी रबि लामिछानेले दफा १०(१) र दफा १०(२) का बिचमा भएको कानूनी अन्तरलाई मेटेर आफु १०(१) अन्तर्गत होइन र आफुले नेपालको नागरिकता त्याग नगरेको दलिल लिएर राज्य र अदालत समेतलाई गुमराहमा राख्न खोजेका छन।

दफा १०(१) को अवस्थाको व्यक्ति दफा ११ मा प्रवेश गर्न सक्छ कि सक्दैन ? अर्थात, दफा ११ को प्रक्रियामा प्रवेश गरेर नेपालको नागरिकता पुनः प्राप्त गर्न सकिने हो होइन ? पुनः प्राप्त गर्नु पर्ने हो वा कुनै पनि कानूनी प्रक्रियामा नगई पहिलाको नागरिकता स्वतः कायम भई प्रयोग गर्न पाइने हो ? वा, पुनः कायम गर्न कानूनी प्रक्रिया नै निषेध वा बन्द गरिएको हो ? यि बिषयमा पनि संक्षेपमा बिबेचना गर्नु उपयुक्त देखिएको छ।

माथि बिबेचना गरिए झैं ४ वटा पूर्बाबस्था पुरा गरेर दफा १०(१) को अवस्थाको व्यक्तिले (प्रस्तुत मुद्धाको सन्दर्भमा निज रबि लामिछानेले पनि) नेपालको नागरिकता पुनः कायम गराउन उक्त दफा ११ को प्रक्रियामा प्रवेश गर्नै पर्दछ। तर निज सो प्रक्रियामा प्रवेश नगरेको निजले स्वीकार गरी सकेको अवस्थामा निज नेपालको नागरिक होइनन भन्ने प्रस्ट भएको छ।

दफा ११ को प्रक्रियामा प्रवेश गर्नु दफा १०(१) को अबस्थाको व्यक्तिको कानूनी कर्तब्य हो। यस किसिमको कर्तब्यबाट कसैलाई पनि छुट वा विशेषाधिकार दिईएको छैन। तसर्थ, उक्त दफा ११ को प्रक्रियामा आफु प्रवेश गर्न नपर्ने र नगरेको तथ्य स्वीकार गरेका निज रबि लामिछानेले निज लाई कुन कानूनले किन उक्त विशेषाधिकार दिएको हो भन्ने कुरा लिखित जवाफमा भन्न देखाउन सकेका छैनन।

साथै निज रबि लामिछाने सो प्रक्रियामा नगई निजलाई प्रक्रियागत कठिनाई छ, कानूनमा प्रस्टता छैन भन्ने दलिल लिन पाइदैन । यदि उनि कानूनी प्रक्रियामा गएका भए र प्रक्रियागत व्यवधान भएको भए त्यसको कानूनी उपचार र निकासमा जानु पर्ने उनको कर्तव्य हुन्थ्यो । न्यायपालिकाले सो बिषयमा कानूनको व्याख्या गर्दथ्यो । तर उनि स्वयं कानूनी प्रक्रियामा नजाने अनि अनुमानका भरमा कानून प्रस्ट छैन भनि दलिल लिन मिल्दैन । एकै छिनलाई मानौं, कानून प्रस्ट छैन भने त्यसको अनधिकृत फाइदा उठाएर अनागरिक पनि प्रतिनिधि सभा सदस्य हुन र मन्त्रि हुन् पाउने भनि अर्थ र व्याख्या गर्न मिल्छ र ? किमार्थ मिल्दैन ।

### १०. समग्रतामा पुनः नेपाली नागरिकता कायम गर्ने कानून प्रस्ट छ

निज रबि लामिछानेले दलिल लिए जस्तो पुनः नेपाली नागरिकता कायम हुने कानूनी व्यवस्था प्रस्ट छैन भन्ने तर्क गर्ने हो भने सो तर्क उनकै अहितमा छ र कानूनमा परिमार्जन वा संसोधन नभए सम्म उनले पुनः नेपालको नागरिकता प्राप्त गर्न सक्दैनन । उनका कुनै पनि प्रतिबाद वा दलिलले सार्थकता राख्दैनन । बरु निजले रिट निबेदन पूर्ण रुपमा स्वीकार गरेको अवस्था उत्पन्न हुन्छ ।

तर समग्रतामा, उक्त कानूनी व्यवस्था प्रस्ट नै छ । माथि उल्लेख गरिए बमोजिम नियम ११ को शिर्षकमा "पुन नेपाली नागरिकता कायम गर्ने कार्यविधि" भनि उल्लेख गरिएको र पाठ खण्डमा (text) "नागरिकता त्यागी" भन्ने शब्द परेको आधारमा मात्रै उक्त कार्यविधि प्रस्ट नभएको वा उक्त कार्यविधिको प्रयोग गरेर पुनः नागरिकता प्राप्त हुन नसक्ने गरी व्याख्या गर्न सकिदैन । यस सम्बन्धमा निम्न रुपमा बिबेचित आधारहरुले थप प्रस्ट पार्ने छन ।

- <u>प्रथम</u>, उक्त नियम ११ ले दफा ११ लाई नै उल्लेख गरेको छ । अर्को शब्दमा भन्दा नियम ११ ले दफा ११ लाई कार्यान्वयन गर्ने प्रक्रिया तय गरेको छ । दफा ११ निशन्देह रुपमा नै दफा १०(१) को अवस्थाको व्यक्तिको नागरिकता पुनः कायम सम्बन्धमा नै ब्यबस्थित भएको हुँदा कानून प्रस्ट हुनुका साथै दफा ११ का पूर्बाबस्था पूरा गरी नियम ११ बमोजिमको प्रक्रियामा जानु पर्ने कानूनी अनिबार्यताको बिकल्प खोज्न वा छलछाम गर्न मिल्दैन ।

- <u>दित्तीय</u>, कुनै पनि प्राबधानको शिर्षक (Title) र पाठ (Text) का बिचमा सामन्जस्यतापूर्ण व्याख्या गरिन्छ । यसरि सामन्जस्यतापूर्ण व्याख्या गर्दा "त्यागी" भन्ने शब्दले नेपाली बृहद शब्द कोषले व्याख्या गरे मुताबिक "छोडेको" भन्ने नै अर्थ लाग्दछ र सो दुवै "त्यागी" वा "छोडेको" भन्ने शब्दहरुले दफा १० को १ देखि ४ सम्म प्रयुक्त "कायम रहने छैन" भन्ने अबधारणालाई नै इंगित गर्दछन । तसर्थ, नियम ११ को प्रक्रियालाई अस्पस्ट भन्न मिल्दैन । यदि अस्पस्ट भन्ने नै हो भने निज रबि लामिछानेले नागरिकता पुनः प्राप्त गर्न सक्दैनन वा पाउँदैनन ।

- <u>तृतीय</u>, "...पुन नेपाली नागरिकता प्राप्त गर्न चाहेमा विदेशको नागरिकता त्यागेको निस्सा सहित निजलाई पहिले नागरिकताको प्रमाणपत्र प्रदान गर्ने मन्त्रालय वा सम्बन्धित जिल्ला प्रशाशन कार्यालय समक्ष अनुसूची ११ बमोजिमको ढांचामा निबेदन दिनु पर्नेछ" भनी प्रस्ट व्यवस्था नियम ११ मा भएकोले उक्त नियम ११ को प्रक्रिया छल्न वा निस्प्रयोजित तुल्याउन र कानूनले परिकल्पना नगरेको वा अनुमति नदिएको "कायम नरहेको नागरिकता स्वतः कायम रहन्छ" भनि परिकल्पना गर्न र त्यस्तो नागरिकताको प्रयोग गरी राज्यलाई छल्न, झुक्याउन

वा ढाँटन मिल्दैन । सिंगो मुलुक, आम नागरिक र मतदातालाई आफु नेपाली नागरिक हुँ भनि झुक्याउन पाईदैन । राजनैतिक पद प्राप्त गरी अनागरिकले नागरिकलाई शाशन गर्न पनि मिल्दैन ।

- त्यसरी नै नियम ११(२) ले "सूचनाको निबेदन प्राप्त भएपछी अनुसूची १२ बमोजिमको ढांचामा सूचना दर्ताको जानकारी दिई नियम ८ बमोजिमको अधिकारीले साबिककै नागरिकताको विवरण सहितको नेपाली नागरिकताको प्रमाणपत्र **जारी गर्नेछ**" भन्ने व्यवस्थाले दफा १०(१) को अवस्था बाट दफा ११ मा प्रवेश गरेको व्यक्तिलाई प्रक्रियामा प्रवेश गर्न बाहेक गरेको अर्थ गर्न मिल्दैन ।

- उक्त नियम ११(२) मा भएको व्यवस्थाले प्रष्ट रुपमा बिबरण साबिककै भए पनि नागरिकताको प्रमाणपत्र **जारि गर्नु पर्ने** व्यवस्था गरे पश्चात राज्यको उक्त कार्य लाई de novo र अनिबार्य मान्नु पर्ने हुन्छ । विवरण दिने जिम्मेवारी व्यक्ति को हो भने नागरिकताको प्रमाणपत्र जारी गर्ने अख्तियारी राज्यको हो । यस बाट पनि पुरानो नागरिकता नम्बर पनि नरहने सहजै बुझ्न सकिन्छ । तसर्थ, दफा ११ र नियम ११ एंब अनुसूची ११ र १२ को प्रक्रिया पुरा नगरेको कारणले निज रबि लामिछाने नेपाली नागरिक होइनन ।

तसर्थ, उल्लेखित आधारमा नियम ११ को व्यवस्था प्रस्ट रहेको र दफा ११ एंब नियम ११ को प्रक्रिया सहित अनुसूची ११ र १२ को दायराबाट छुट वा उन्मुक्ति पाउन सकिने अवस्था छैन भन्ने सुस्पस्ट भएको निबेदन गर्दछौं ।

## ११. निर्ष्कष

**अन्त्यमा**, नागरिकता ऐनको दफा १०(१) को अबस्थाको व्यक्तिले विदेशको नागरिकता त्याग गरेको खण्डमा निजको नेपालको नागरिकता स्वतः कायम हुनेछ भन्ने कानूनी ब्यबस्थाको अभाबमा निज रबि लामिछानेको पुरानो नागरिकता स्वतः कायम हुन सक्दैन । तसर्थ, कानून बमोजिमको प्रक्रिया पूरा गरी निज रबि लामिछानेले नेपालको नागरिकता पुनः प्राप्त नगरेको हुँदा र सो कुरा निज स्वयंले स्वीकार गरेको हुँदा, निज मतदान गर्न, प्रतिनिधिसभा सदस्यकालागि उम्मेद्धार हुन र प्रतिनिधि सभा सदस्य हुन अयोग्य भएको ठहर गरी रिट निबेदन जारी गरी पाउँ ।

साथै, अमेरिकी नागरिक भएकै अबस्थामा नेपाली पासपोर्ट बनाएको, पारिवारिक भिषामा बसेको व्यक्तिले श्रम स्वीकृति नलिई नेपालमा काम गरेको, नेपाली नागरिक नभई नेपाली नागरिक हुँ भनि मिडिया लगायतका क्षेत्रमा लगानी गरेको, निर्बाचन (कसूर तथा सजाय) ऐन २०७३ को दफा १४ बिपरित निर्बाचन आपराधमा संलग्न भएको र श्री निर्बाचन आयोग लगायतका बिभिन्न सरकारी निकायलाई ढाँटने, छल्ने र गुमराहमा राखी बिभिन्न फौजदारी कसुर गरेको सम्बंध्मा निज स्वयम गृहमन्त्रि भई छानबिन कार्य अबरुद्ध गरेको हुँदा तत्कालै र निस्पक्ष रुपमा उक्त बिषयमा छानबिन कार्य गर्नु भनि सम्बन्धित निकायका नाममा निर्देशनात्मक आदेश समेत जारी गरी पाउँ ।

बहस नोट प्रस्तुतकर्ता कानून व्यबशायीहरु :

श्री बिष्णु लुइँटेल (ब. अ. प्र. प. नं. ५२१)   डाक्टर सुरेन्द्र भण्डारी (ब. अ. प्र. प. नं. ३५०)

श्री अमृत खरेल (अधिबक्ता प्र. प. नं. १४०३६)   श्री रमण कर्ण (अधिबक्ता प्र. प. नं. ११८१५)

श्री निकिता ढुँगाना (अधिबक्ता प्र. प. नं. १६२०३)

ईति सम्बत २०७९ साल माघ १० गते रोज ३ सुभम..........................................

## अनुसूचि १ : Application for Naturalalization

अनुसूचिमा संलग्न गरिएको छ ।

## अनुसूचि २ : Oath for Naturalalization

अनुसूचिमा संलग्न गरिएको छ ।

## अनुसूचि ३ : *Abida Khatoon And Anr. v. State of U.P. And Ors.*

अनुसूचिमा संलग्न गरिएको छ ।

## अनुसूचि ४ : *Kiran Gupta v. The State Election Commission*

अनुसूचिमा संलग्न गरिएको छ ।